# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, असोज ३० गते २०४६ साल (संख्या २६

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा विक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी ओभरसिज चाइनिज थेरावाडा विहारले धर्मकीर्ति वौद्ध अध्ययन गोष्ठीका लागि उपहारस्वरूप प्रदान गरेको प्लाष्टिक व्याच एक पोका (१६६० थानको) आयातमा लाग्ने भन्सार महशूल तथा विक्रीकर पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र विक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी वागवानी विकास आयोजना कीर्तिपुरको लागि जापानबाट पैठारी हुने जा.या. ८,२८,९००।–(आठ लाख अट्ठाईस हजार नौ सय) मूल्य बराबरका उपरोक्त आयोजनासँग सम्बन्धित सामान-हरूमा लाग्ने भन्सार महशूल तथा विक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा विक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल पेडियाट्रिक सोसाइटीको तत्वावधानमा आयोजित पाँचौं एशियाली झाडा पखाला रोग सम्मेलनमा वितरण गर्न बैङ्ककबाट प्राप्त हुने V Asian Conference on Diarrhoeal Diseases छापिएको अमेरिकी डलर ४,५००।०० मूल्य बराबरको ५०० थान कन्फरेन्स ब्यागहरूमा लाग्ने भन्सार महशूल तथा विक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उपसचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

252